नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

# परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०

सानोठिमी, भक्तपुर

## २०७६ सालमा सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा-१० मा सहभागी हुने विद्यार्थीहरुका लागि कक्षा ९ मा रजिष्ट्रेसन फाराम भर्ने/भराउने सम्बन्धी सूचना

२०७५ सालको शैक्षिक सत्रमा कक्षा ९ मा साधारण, संस्कृत तथा प्राविधिक धारतर्फ अध्ययनरत विद्यार्थीहरूले २०७६ सालको नियमित एसईई परीक्षामा सहभागी हुनका लागि तथा खुला तथा अनौपचारिक प्रौढ विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले २०७५ सालको नियमित एसईई परीक्षामा सहभागी हुनका लागि रजिष्ट्रेसन फाराम **२०७५ आश्विन २१ गतेदेखि मंसिर ७ गतेभित्र** भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, स्थानीय तहका शिक्षा शाखा शिक्षा विकास तथा समन्वय एकाई, , राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय तथा प्रदेश शिक्षा विकास निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. विद्यालयहरूमा हाल कक्षा ९ मा अध्ययनरत साधारण तथा प्राविधिक धारतर्फका विद्यार्थीहरूका लागि**

(क) हाल कक्षा ९ मा नियमित विद्यार्थीको रूपमा अध्ययनरत साधारण, संस्कृत र प्राविधिक धारतर्फ समेतका विद्यार्थीहरूले शैक्षिक सत्र २०७४ वा सोभन्दा पहिले निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) को प्रमाणपत्र (अक्षराङ्क पद्धतिको भए सबै अनिवार्य विषयमा डी प्लस ल्याएको) र जन्मदर्ता प्रमाणपत्रको (प्रधानाध्यापकबाट प्रमाणित) प्रतिलिपि संलग्न गरी विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो टाँसी **२०७५ आश्विन २१ गतेदेखि मंसिर ७ गतेभित्र**मा राजस्व शुल्क सहित आफू अध्ययनरत विद्यालयमार्फत फाराम भरी सक्नुपर्नेछ ।

(ख) सम्बन्धित विद्यालयहरूले आफ्नो विद्यालयमा नियमित रूपमा अध्ययनरत विद्यार्थीहरूको नामथर, जन्ममिति, आमा बाबुको नाम ठीकसँग भरे नभरेको रूजु गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी **रजिष्ट्रेसन नम्बर विद्यालय आफैले कायम गरी <u>२०७५ मंसिर १४ गतेभित्रमा</u>** रजिष्ट्रेसन शुल्क बुझाएको बैङ्क भौचर वा नगदी रसिद र समष्टिगत फाराम संलग्न गरी शिक्षा विकास तथा समन्वय एकाईमा रजिष्ट्रेसन फाराम बुझाइसक्नु पर्नेछ ।

(ग) प्राविधिक धारतर्फका विद्यालयहरुले समेत उल्लेखित मितिभित्र रजिष्ट्रेसन फाराम भराउनु पर्नेछ । फाराम एउटै रहेको छ ।

**२. खुला वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि**

(क) दुर शिक्षा/खुला सिकाई कार्यक्रम सञ्चालन निर्देशिका,(संशोधन सहित) २०६३ को दफा १५ र १७ अनुसार भर्ना भइ अन्य कुरा निर्देशिकाले तोकेको सबै शर्तहरु पूरा गरेको सिफारिससहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भर्नुपर्नेछ र **<u>२०७५ मंसिर ७ गतेभित्र</u>** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्नेछ । विद्यार्थीहरुले शैक्षिक सत्र २०७२ वा सोभन्दा पहिले निम्नमाध्यमिक शिक्षा परीक्षा (कक्षा ८) उत्तीर्ण गरेको प्रमाणपत्र र जन्मदर्ता प्रमाणपत्रको (प्रधानाध्यापकबाट प्रमाणित) प्रतिलिपि संलग्न गरी पेस गर्नुपर्ने छ ।

(ख) अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५ ले तोकेको सबै शर्तहरु पूरा गरेको सिफारिससहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भर्नुपर्नेछ र **<u>२०७५ मंसिर ७ गते भित्र</u>** तोकिएको राजस्व दस्तुरसहित आफू सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ ।

(ग) खुला तथा वैकल्पिक विद्यालय र अनौपचारिक प्रौढ विद्यालयका विद्यार्थीहरुले रजिष्ट्रेसन र आवेदन फाराम अलग अलग भर्नुपर्नेछ ।

३. यो फाराम साधारण तथा प्राविधिक धारतर्फका विद्यार्थीहरुले एसईई परीक्षा २०७६ मा र खुला, वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयतर्फका विद्यार्थीहरुले २०७५ सालको एसईई परीक्षामा सहभागी हुनका लागि आफ्नो

नाम दर्ता गर्ने प्रयोजनका लागि भरिने भएकाले यो फाराम नभर्ने विद्यार्थीहरूले उक्त सालको एसईई परीक्षामा सामेल हुन पाउने छैनन् ।

४. फाराम भर्ने विद्यार्थीहरू २०७६ सालमा एसईई परीक्षामा सम्मिलित हुँदा शिक्षा नियमावली २०५९ (संशोधन सहित)को नियम ७८(६)बमोजिमको उमेर (२०६२ साल चैत्र मसान्तसम्मको जन्ममिति भएको) पुगेको हुनुपर्नेछ ।

५. **रजिष्ट्रेसन शुल्क प्रति विद्यार्थी रू.३००।–** तोकिएको छ साथै सबै **शिक्षा विकास तथा समन्वय एकाईहरूले** फारामसाथ विद्यालयमार्फत प्राप्त रजिष्ट्रेसन शुल्क **२०७५ मंसिर २० गतेभित्र** बैङ्क दाखिला गरिसक्नुपर्ने छ । उक्त परीक्षा दस्तुर राजस्व खाता नं. १४२२३ मा दाखिला गर्नुपर्ने छ ।

६. बिलम्ब शुल्क तिरी फाराम भर्ने भराउने व्यवस्था नगरिएको हुँदा उक्त म्यादभित्र फाराम भरी भराइ सक्नुपर्नेछ ।

७. विद्यार्थीले रजिष्ट्रेसन फाराम भर्दा आफू नियमित रूपमा अध्ययन गरिरहेको विद्यालयबाट मात्र भर्नुपर्ने छ । एक भन्दा बढी विद्यालय/जिल्ला/स्थानबाट भरेको पाइएमा दुवैतर्फको फाराम स्वतः रद्द हुनेछन् । **दोहोरो रजिष्ट्रेशन भर्ने भराउने कार्य नगर्नु नगराउनुहुन र सो कार्य अटेर गरी पछि परीक्षा रद्द भई हुन जाने क्षतिको सम्बन्धित पक्ष नै जवाफदेही हुनुपर्ने छ ।**

८. **यससम्बन्धी सूचना एवम् जानकारी राष्ट्रिय परीक्षा बोर्डमा वा राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को फोनं.०१–६६३०८१९मा सम्पर्क गरेर वा Website: www.neb.gov.np हेरेर प्राप्त गर्न सकिनेछ ।**

९. शिक्षा विकास तथा समन्वय एकाईहरूले यस बर्ष कक्षा ९ मा रजिष्ट्रेसन फाराम भरी बुझाएका आफ्नो जिल्लाभित्रका विद्यालयहरूबाट प्राप्त विद्यार्थीहरुको रजिष्ट्रेसन नम्बर र नाम, थर, जन्ममिति लगायतका सम्पूर्ण विवरणहरु राष्ट्रिय परीक्षा बोर्ड बाट उपलब्ध गराइएको Software मा कम्प्युटर Entry गरी सम्बन्धित विद्यालयबाट विवरणहरु रुजु गराई Electronic Copy र Printed Copy २०७५ फागुन मसान्त भित्र राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा पठाइसक्नुपर्ने छ ।

**परीक्षा नियन्त्रक**